# चिङ्गाड गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय अवलचिङ्ग, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

## औषधी आपूर्ति सम्वन्धी सिलवन्दी दरभाउपत्र आहवानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०७/२५)

सुचना नं. SQ/CRM/MED/79-80/1

यस गाउँपालिकाको लागि आवश्यक औषधी सिलवन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्वन्धित इजाजत पत्र प्राप्त इच्छुक व्यक्ति, फर्म तथा कम्पनी बाट निम्न शर्तहरुको अधिनमा रही आ.व. २०७९/०८० को रितपूर्वकको सिलबन्दी दरभाउपत्र आहबान गरिएको छ । तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) कोवेभसाइट https://bolpatra.gov.np/egp/ मा गई विधुतीय खरिद प्रणाली सञ्चालन मार्गनिर्देशिका, २०७३ बमोजिम बोलपत्र प्रस्ताव दर्ता/ गर्नहुनसूचित गरिन्छ । अन्य थप जानकारीका लागि यस गाउँकार्यपालिकाको सूचनापाटी, वेभसाइट www.chingadmun.gov.np तथा कार्यालय समय भित्र यस कार्यपालिकाको कार्यालयको प्राविधिक शाखामा सम्पर्क राख्न सकिनेछ।

१. बिद्धुतिय खरिद प्रणाली सञ्चालन मार्गनिर्देशिका, २०७३ बमोजिम विधुतिय बोलपत्र प्रस्ताव https://bolpatra.gov.np/egp/ मा गइ यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म १२:०० बजे सम्म Electronically bid खरिद गर्न सकिनेछ । यस कार्यालयबाट (Hard copy) बिक्री गरिने छैन। सो बमोजिम खरिद भएका दरभाउपत्र १५ औं दिन अपरान्ह दिनको १:०० बजे चिङ्गाड गाउँकार्यपालिकाको कार्यालयमा खोलिनेछ।
२. दरभाउपत्र खरिद दस्तुर बापतको रकम यस कार्यालयको सानिमा बैंक शाखा कार्यालय मटेला सुर्खेतमा रहेको आन्तरिक राजश्व खाता नं.०६९०१००४००००००५ मा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसिद पेश गर्नुपर्नेछ।
३. दर्ता भएका दरभाउपत्रहरु सोही दिनको १ बजे दरभाउपत्रदाताका वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र दाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
४. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
५. सिलवन्दी दरभाउपत्र साथ रु.१०००००।०० **(एक लाख मात्र )** रकम बराबर रकम यस कार्यालयको नाममा रहेको सानिमा बैंक मटेला सुर्खेतमा यस कार्यालयको धरौटी खाता न ०६९०१००२०००००४५ मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त क वर्ग बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचलित कानुनले तोकेको मान्य अवधि (दरभाउपत्र खोल्ने मिति देखि ७५ दिन) भएको जमानी पत्र (बिडबन्ड) पेश गर्नुपर्नेछ।
६. औषधी खरिद गर्दा WHO GMP Certified company बाट उत्पादित औषधी हरु मात्र खरिद गरिने छ ।बोतलमा सप्लाई हुने औषधीहरु प्लाष्टीक बोतलमा भएको हुनुपर्ने छ र बाँकी औषधीहरु स्ट्रीपमा हुनुपर्ने छ ।
७. खरिद हुने औषधीहरुको म्याद सम्वन्धमा उक्त औषधीको यस कार्यालयमा बुझाउदा सम्म Manufactring date बाट Expiry Date कम्तीमा ७५ प्रतिशत दिन बांकी हुनुपर्नेछ । सो भन्दा घटी म्याद भएका औषधीहरु स्वीकार गरिन छैन ।
८. औषधी आपुर्तीकर्ताले आपूर्ती गर्ने औषधीहरुको बोतल तथा स्ट्रीप लगायतका सम्पूर्ण औषधी तथा सामाग्रीहरुमा नि.शुल्क वितरणका लागि भन्ने अनिवार्य उल्लेख भएको हुनु पर्नेछ ।
९. प्रत्येक औषधीहरुको औषधी निर्यातकर्ताले औषधी व्यवस्था विभागबाट म्याद भएको छुट्टाछुट्टै Authorization प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।
१०. सारभुत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये सबै भन्दा घटी रकम कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।
११. कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उल्लेखित औषधीको परिमाणमा थप घट गर्न सकिने छ ।
१२. अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ र थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिने छ।
१३. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजिनक खरिद ऐन २०६३ तथा सार्वजनिक नियमावली २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

तपशिल:

| सि.न. | सूचना नं. | विवरण | लागत अनुमान (मू.अ कर बाहेक) रु. | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | SQ/CRM/MED/079-80/1 | औषधी खरिद | ३४९९९९८.६० | १०००।०० | १०००००।०० | खरिद गर्ने अन्तिम मिति २०७९/०८/०९ दिनको १२:०० बजे भित्र । दरभाउ पत्र खोल्ने मिति २०७९/०८/०९ गते दिनको १:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**